# 24 April 2024

# National News

<u>मुख्य समाचार</u>

- लोकसभा चुनाउको दोस्रो चरणको निम्ति प्रचार प्रसार समाप्त
- सर्वोच्च न्यायालयले ईभीएमसँग भीभीप्याडका स्लिपहरूको गणना विषय आफ्नो निर्णय सुरक्षित राख्यो
- जलवायु परिवर्तनको समस्यासित जुध्न वन संरक्षणको भूमिका महत्वपूर्ण हुने राष्ट्रपतिको विचार
- सही नीति र दृष्टिकोण भएमात्र विकास सम्भव हुने श्री मोदीको भनाई
- कंग्रेसको घोषणालाई लिएर प्रधानमन्त्री अत्तालिएको श्री गान्धीको दाबी
- आइपीएलमा अहिले दिल्ली र गुजरातको भिडन्त हुँदै

<u>चुनाउ प्रचार अभियान</u>

लोकसभा चुनाउको दोस्रो चरणको प्रचार प्रसार आज साँझ समाप्त भयो। राजनीतिक दलका शीर्ष नेताहरूले मतदातालाई आकर्षित गर्न जोडतोडले प्रचार अभियानलाई निरन्तरता दिए । शुक्रबार १३ राज्यका नवासी लोकसभा सीटका लागि मतदान हुँदैछ। जसमा केरलका २०, कर्नाटकका १४, राजस्थानका १३, उत्तर प्रदेश र महाराष्ट्रका आठ आठ, मध्य प्रदेशका ६, असम र बिहारका पाँच, पश्चिम बंगाल र छत्तीसगढका तीन तीन अनि त्रिपुरा र जम्मू कश्मीरका एक–एक सिट रहेका छन् ।

प्रधानमन्त्री एवम् भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज छत्तीसगढको सुरगुजा लोकसभा निर्वाचन क्षेत्रको अम्बिकापुरमा जनसभालाई सम्बोधन गर्नुभयो। यस अवसरमा श्री मोदीले भन्नुभयो, केन्द्रको भाजपा सरकारले आतंकवाद र नक्सलवाद विरुद्ध कडा कारबाही गरिरहेको छ।

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवम् केन्द्रीय गृहमन्त्री श्री अमित शाहले कंग्रेस र वामपन्थी दलहरूले पीपुल्स फ्रन्ट अफ इन्डिया-पीएफआई र एसडीपीआई जस्ता राष्ट्रविरोधी शक्तिहरूको समर्थन लिएको आरोप लगाउनु भएको छ। आज केरलको अलाप्पुझामा जनसभालाई सम्बोधन गर्दै श्री शाहले यी दुवै पार्टीले अल्पसंख्यक भोट बैंकको निम्ति केरलमा आतंकवादलाई बढावा दिएको आरोप लगाउनु भयो। उहाँले भन्नुभयो, पीएफआई जस्ता संगठनहरूलाई भाजपाको शासनमा फस्टाउन दिइने छैन।

असमको पाँच लोकसभा सीटमा दोस्रो चरणको मतदानको लागि कुल 61 जना उम्मेदवार मैदानमा छन्। मुख्यमन्त्री एवम् भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री हेमन्त विश्व शर्माले

आज दलगाउँमा चुनावी सभा गर्नुभयो। प्रदेश कंग्रेस अध्यक्ष श्री भूपेन कुमार बोहराले नानगाउँ निर्वाचन क्षेत्रमा जनसभालाई सम्बोधन गर्नुभयो।

बिहारमा दोस्रो चरणमा भागलपुर, कटिहार, बांका, किशनगंज र पूर्णिया सिटका लागि मतदान हुनेछ। भारतीय जनता पार्टीका अध्यक्ष श्री जगतप्रकाश नड्डाले जनता दल युनाइटेडका उम्मेदवारको समर्थनमा आज भागलपुरमा जनसभालाई सम्बोधन गर्नुभयो ।

भारतीय जनता पार्टी, जनता दल युनाइटेड, लोक जनशक्ति पार्टी (रामविलास), राष्ट्रिय लोक मोर्चा, राष्ट्रिय जनता दल, कंग्रेस, विकासशील इन्सान पार्टी र वामपन्थी दलका नेताहरूले पनि प्रचारप्रसार गरे ।

कंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले आज महाराष्ट्रको अमरावतीमा चुनावी जनसभालाई सम्बोधन गर्नुभयो। अमरावती निर्वाचन क्षेत्रमा कुल ३७ जना उम्मेदवार चुनावी मैदानमा छन्।

<u>सर्वोच्च न्यायालय - EVM VVPAT</u>

सर्वोच्च न्यायालयले इलेक्ट्रोनिक भोटिङ मेशिन EVM सँग भोटर भोटिङ कन्फर्मेसन स्लिप - VVPAT को भोट गणनाको सय प्रतिशत प्रमाणीकरणको माग गर्ने याचिकाहरूमाथि आफ्नो निर्णय सुरक्षित राखेको छ।

न्यायाधीश न्यायामूर्ति सञ्जीव खन्ना र न्यायमूर्ति दिपङ्कर दत्तको खण्डपीठले निर्वाचन आयोगलाई इभिएमको कार्यप्रणालीबारे विभिन्न प्रश्न सोधेको थियो । आयोगले कुनै पनि तहमा ईभीएममा छेडछाड हुन नसक्ने बताएको छ। आयोगले अहिलेसम्ममा ४१ हजार ६२९ मामिलामा चार करोडभन्दा बढी VVPAT स्लिप मिलाइएको जनाएको छ।

खण्डपीठले निर्वाचन आयोगप्रति विश्वास व्यक्त गर्दै कागजी मतपत्र फिर्ता गर्ने विचारप्रति असहमति जनाएको छ।

निर्वाचन आयोगले भनेको छ, सबै VVPAT स्लिपहरू गणना गर्न व्यावहारिक रूपमा सम्भव छैन। हाल, VVPAT स्लिपहरूको प्रमाणीकरण प्रत्येक विधानसभा क्षेत्रको कुनै पनि पाँच इलेक्ट्रोनिक भोटिंग मेसिनहरूमा गरिन्छ।

लोकतान्त्रिक सुधार संघ लगायतका याचिकाकर्ताहरूले देशका ९७ करोड मतदाता पारदर्शी निर्वाचन प्रणालीको हकदार रहेको बताएका छन् ।

उत्तराखण्ड दीक्षान्त समारोह

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जलवायु परिवर्तनको समस्या गम्भीर रहेको बताउँदै यसको प्रभावसँग जुध्न वन संरक्षणको भूमिका महत्वपूर्ण हुने बताउनु भएको छ। आज देहरादुनस्थित वन अनुसन्धान संस्थानमा भारतीय वन सेवा प्रशिक्षण अधिकारीहरुको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती मुर्मूले मानव जातिले वनको महत्व बिर्सने भूल गरिरहेको बताउनुभयो । पृथ्वीको यस अमूल्य सम्पदाको मानिस मालिक होइन  संरक्षक मात्र हो भनी उहाँले बताउनु भयो।

दीक्षान्त समारोहमा इन्दिरा गान्धी राष्ट्रिय वन अकादमीका 2022-24 ब्याचका 99 प्रशिक्षित अधिकारीहरूलाई स्नातक डिग्री प्रदान गरिएको थियो। जसमा भुटानका दुई प्रशिक्षार्थी अधिकारी पनि सामेल छन् ।

मध्य प्रदेश-प्रधानमन्त्री

प्रधानमन्त्री एवम् भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले देशमा होस् अथवा मध्यप्रदेशमा, कंग्रेसले सत्ता छोडेर पछि अनि भाजपा सरकार आएपछि मात्र विकास भएको बताउनुभएको छ। मध्यप्रदेशको सागरको बारतुमा  आयोजित जनसभालाई सम्बोधन गर्दै उहाँले सही नीति र सही दृष्टिकोण भएमात्र विकास सम्भव हुने बताउनु भयो ।

श्री मोदीले कंग्रेसको पालामा मध्यप्रदेशलाई बिरामी राज्यको रूपमा चिनिन्थ्यो भन्दै मध्य प्रदेशले भाजपा सरकारमा विकासको नयाँ उचाइ छोएको बताउनुभयो । उहाँले राज्यमा भएका विकास कार्यहरूको जानकारी दिनुभयो।

सागर पछि, श्री मोदीले बेतुल लोकसभा क्षेत्रको हरदा जिल्लाको आबागाउँ खुर्दमा पनि जनसभालाई सम्बोधन गर्नुभयो। त्यसपछि साँझ राजधानी भोपालमा प्रधानमन्त्रीले रोड शोमा सहभागिता जनाउनु भएको थियो।

कंग्रेस सामाजिक सम्मेलन

कंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले आफ्नो पार्टीको घोषणा पत्रलाई लिएर प्रधानमन्त्री श्री नरेन्द्र मोदी अतालिएको दाबी गर्नुभएको छ । कंग्रेस पार्टीको सामाजिक न्याय सम्मेलनलाई सम्बोधन गर्दै श्री गान्धीले यस्तो दाबी गर्नुभएको हो। श्री राहुल गान्धीको यो बयान प्रधानमन्त्री श्री मोदीले कंग्रेसको घोषणापत्रको आलोचना गरेपछि आएको हो । श्री मोदीले कंग्रेस पार्टीले जनताको सम्पत्ति वितरण गर्ने योजना बनाएको आरोप लगाउनु भएको थियो। कंग्रेसले गत महिना न्याय पत्र नामक घोषणापत्र जारी गरेको थियो।

सम्मेलनमा बोल्दै कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गेले समाजमा परिवर्तन रातारात नहुने बताउँदै यसका लागि गहन छलफल र कानुनी आधारको आवश्यकता पर्ने बताउनुभएको छ। श्री खड्गेले भन्नुभयो, कंग्रेसका प्रमुख नेताहरूले यी दुवै आधारहरू अपनाएका छन्।

जनतासँग गरेका वाचाहरू पूरा गर्ने कंग्रेसको इतिहास रहेको उहाँले बताउनु भयो। उहाँले मनरेगा, शिक्षाको अधिकार, सूचनाको अधिकार र खाद्य सुरक्षाको अधिकार जस्ता योजनाहरूको कार्यान्वयनले कंग्रेसको प्रतिबद्धता दर्शाउँदछ भन्नुभयो।

## अरुणाचल पुनर्मतदान

अरुणाचल प्रदेशको अरुणाचल पश्चिम लोकसभा सीटका चार विधानसभा क्षेत्रका आठ मतदान केन्द्रमा कडा सुरक्षाबीच आज पुनर्मतदान शान्तिपूर्ण सम्पन्न भएको छ। बिहान ६ बजे सुरु भएको मतदान दिउँसो २ बजी सकिएको थियो । निर्वाचन आयोगले गत १९ तारिक यी केन्द्रमा भएको लोकसभा र विधानसभाको मतदान रद्द गरेको थियो ।

## कर्नाटक – दोस्रो चरण

कर्नाटकका मुख्य चुनाउ अधिकारी श्री मनोज कुमार मीनाले 26 अप्रेलमा हुने 14 लोकसभा क्षेत्रमा स्वतन्त्र अनि निष्पक्ष चुनाउ सुनिश्चित गर्न सबै तयारी गरिएको जानकारी दिनुभएको छ। आज बेंगलुरुमा पत्रकारहरूसित कुराकानी गर्दै उहाँले चुनाउको पूर्ण तयारी भएको जनाउनु भयो।

## जम्मू-कश्मीर- लश्कर-ए-तैयबा

जम्मू-कश्मीरको राजौरी जिल्लाको एउटा गाउँमा नागरिकको हत्या मामिलामा पुलिसले सोधपुछका लागि सड़सठ जनालाई पक्राउ गरेको छ। यहाँ लश्कर-ए-तैयबाका दुई आतङ्कारीले एकजना नागरिकको हत्या गरेका थिए।

## आईपीएल

आईपीएल क्रिकेटमा अहिले दिल्लीको अरुण जेटली स्टेडियममा डेल्ही क्यापिटल्स र गुजरात टाइटन्सको भिडन्त शुरुभएको छ। हिजो सम्पन्न खेलमा लखनऊ सुपर जायन्टसले चेन्नई सुपर किङ्गस्लाई 6 विकेटले पराजित गरेको थियो।